**प्राज्ञिक विमर्श**, **वर्ष ७**, **अङ्क**, **१३**, **२०८२ वैशाख**, ISSN 2676–1297

# आज रमिता छ उपन्यासको विधातात्त्विक विश्लेषण

**❋महानन्द जोशी**
**mahanandjoshi2072@gmail.com**

**अध्ययनसार**

*प्रस्तुत लेखमा इन्द्रबहादुर राईद्वारा लिखित आज रमिता छ उपन्यासको विधातात्त्विक विश्लेषण गरिएको छ । यो आलेख तयार पार्नका लागि सामग्रीसङ्कलन गर्न मूलतः पुस्तकालयीय विधिको प्रयोग गरिएको छ र सङ्कलित सामग्रीलाई उपन्यास विधातत्त्वका आधारमा विश्लेषण गरिएको छ । यसका लागि उपन्यास सम्बन्धी सैद्धान्तिक मान्यतालाई आधार बनाएर कथानक, चरित्र र चरित्रचित्रण, परिवेश, सारवस्तु/विचारतत्त्व, दृष्टिविन्दु र भाषाशैली आदिजस्ता औपन्यासिक विधातत्त्वको निर्क्यौल गरिएको छ । यिनै तत्त्वका आधारमा प्रस्तुत उपन्यासमा रहेको सामाजिक यथार्थ र विसङ्गतिवादी चिन्तनको विश्लेषण गरिएको छ । जनकका बाबुको सुनौलो सपना बोकेको जनकको स्कुले जीवनबाट सुरु भएर जनक र नाति रविका जीवनका मूलभूत उपलब्धि प्रस्तुत गरिसकेपछि समाप्त भएको प्रस्तुत उपन्यासको कथानकमा सङ्गतिहीन जीवनलाई सङ्गतिमा बाँध्ने प्रयासमा एउटा जीवनवृत्त तयार गरिएको छ र त्यस जीवनवृत्तलाई सामाजिक यथार्थभित्र समेट्ने प्रयासका साथसाथै अत्यन्त असङ्गत र अविन्यस्त जीवनलाई औपन्यासिक कलात्मक घटकका बुनोटद्वारा जीवन्त रूपमा प्रस्तुत गरिएको छ । प्रस्तुत अध्ययनबाट आज रमिता छ उपन्यासमा विसङ्गतिवादी चिन्तन रहेको निष्कर्ष निकालिएको छ ।*

**मुख्य शब्दावली** : विसङ्गतिवाद, समाख्याता, विधातत्त्व, सावयव, उपकरण ।

## विषयपरिचय

*आज रमिता छ* (२०२१) इन्द्रबहादुर राईद्वारा लिखित विसङ्गतिवादी चिन्तन बोकेको उपन्यास हो । यो विसङ्गतिवादी मान्यताअनुरूप जीवनजगत्को अभिव्यक्ति गरिएको उपन्यास हो । यस उपन्यासमा दार्जिलिङ शहरमा बस्ने समाजको यथार्थ जीवनको जीवन्त चित्रणका साथै सामाजिक जीवनभित्रका व्यथा, व्याकुलता, दुःख, निराशा, एक्लोपन, पृथकता, सन्त्रास, तनाव, निरर्थकता जस्ता मानसिक उहापोह एवम् विसङ्गतिबोधको सबल प्रस्तुति पाइन्छ । उपन्यास साहित्यका विभिन्न विधाहरूमध्ये आख्यानअन्तर्गत पर्ने वर्तमान समयको लोकप्रिय र विशिष्ट गद्यविधाका रूपमा रहेको छ । यो आफैँमा पूर्ण र सावयव विधा हो र यसलाई पूर्ण स्वरूप प्रदान गर्ने निश्चित अवयवहरू हुन्छन् । तिनै अवयव वा उपकरणहरूलाई आख्यान तत्त्व भनिन्छ र यस्ता आख्यान तत्त्वहरूमा कथानक, चरित्र र चरित्रचित्रण, परिवेश, सारवस्तु/विचारतत्त्व, दृष्टिविन्दु र भाषाशैली आदि रहेका छन् । उपन्यासका यिनै तत्त्व वा उपकरणलाई आधार बनाएर यस लेखमा *आज रमिता छ* उपन्यासको विश्लेषण गरिएको छ । यसमा लेखको उद्देश्यअनुरूप सामग्री सङ्कलनका सोद्देश्य छनोट विधिका आधारमा सूक्ष्म पठन गरी आवश्यक सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ । यसका साथै इन्द्रबहादुर राईका उपन्यासका बारे प्रकाश पारी गरिएका अध्ययन र औपन्यासिक विधासिद्धान्तसँग सम्बन्धित अध्ययनलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ र सङ्कलित सामग्रीको विश्लेषणका लागि औपन्यासिक विधातत्त्वलाई आधार बनाइएको छ । प्रस्तुत उपन्यासमा विसङ्गतिवादी चिन्तन केकसरी रूपायन भएको छ भन्ने कुरालाई देखाउन उपन्यासको विसङ्गतिवादी विश्लेषण पद्धति पहिचान गरिएको छ र उपन्यासका आधारभूत संरचक वा उपकरणका रूपमा रहेका कथानक, चरित्र र चरित्रचित्रण, परिवेश, सारवस्तु/विचारतत्त्व, दृष्टिविन्दु र भाषाशैली जसमा जीवनका यथार्थको टड्कारो अभिव्यक्ति भएको हुन्छ तिनै औपन्यासिक संरचकहरूको वस्तुपरक विश्लेषण गरेर उपन्यासभित्रका आधारभूत प्रवृत्तिको निर्क्यौल गरिएको छ ।

**❋ लेखक त्रि.वि.अन्तर्गत पाटन बहुमुखी क्याम्पसमा प्राध्यापनरत हुनुहुन्छ ।**

**विश्लेषणको सैद्धान्तिक पर्याधार**

उपन्यास आख्यानात्मक साहित्यिक विधा हो । कुनै पनि वस्तु होस् अथवा साहित्यिक कृति होस्, त्यसको निर्माण निश्चित घटक वा अवयवहरूको बनोट र बुनोटको अर्थपूर्ण संयोजनबाट हुन्छ । साहित्यका विभिन्न विधाहरूजस्तै उपन्यास पनि विभिन्न अङ्गहरूको मेलबाट निर्मित एउटा सिद्ध रचना मानिन्छ । हरेक विधाका साहित्यिक कृतिलाई एउटा अर्थपूर्ण सिद्ध वस्तुको स्पष्ट आकृति प्रदान गर्ने काम त्यसमा अन्तर्निहित विभिन्न अवयव वा तत्त्वहरूले गर्दछन् । उपन्यास पनि एउटा विशिष्ट संरचना भएकाले यसलाई निर्माण गर्ने आफ्नै विभिन्न अवयव छन् र उपन्यासलाई आकृति प्रदान गर्ने अवयवलाई नै यसका संरचक तत्त्व भनिन्छ। यिनै तत्त्वका आधारमा उपन्यासको विधातात्त्विक विश्लेषण गरिन्छ । समाजको विकास र परिवर्तन सँगसँगै उपन्यास लेखन एवम् त्यसको विश्लेषण गर्ने आधारहरूमा निरन्तर परिवर्तन भइरहेको पाइन्छ । प्रारम्भतिर उपन्यास विश्लेषणका आवश्यक तत्त्व मानिएका कथावस्तु, पात्र, कथोपकथन, उद्देश्य, देशकाल परिस्थिति र भाषाशैलीलाई हाल बेग्लै किसिमले संयोजन गरिएको पाइन्छ । पहिले घटनाप्रधान उपन्यासहरू पछि चरित्रप्रधान बन्दै अहिले परिवेशप्रधानतिर उन्मुख भएका पाइन्छन् । त्यसैले उपन्यास विश्लेषण गर्ने तत्त्वहरूमा पनि भिन्नता देखिनु स्वाभाविकै हो । कृष्णचन्द्रसिंह प्रधानले कथानक, चरित्र, कथोपकथन, शैली, भाषा, वातावरण र उद्देश्य गरी उपन्यासका सातवटा आधारभूत तत्त्व मानेका छन् (२०७७, पृ.६-११) । यस्तै मोहनराज शर्माले आख्यानअन्तर्गत उपन्यास र कथालाई राख्दै कथानक, चरित्र र परिवेशलाई स्थूल उपकरण मानेर विषयसूत्र, भाषा, शैली, उद्देश्य र दृष्टिविन्दुलाई सूक्ष्म उपकरण स्वीकार गरेका छन् (२०५५, पृ.३८४) । घनश्याम नेपालले आख्यान कृतिका आ-आफ्नै स्वरूप र विशेषता हुन्छन् भन्दै ती निजी विशेषताको अध्ययन गर्ने मानक आधारहरूलाई नै आख्यान तत्त्व मानेका छन् । उनले (१) कथावस्तु, कथानक, कथा (२) पात्र एवम् चरित्र-चित्रण (३) विचार-तत्त्व वा सारवस्तु (४) पर्यावरण र चित्रवृत्ति (५) परिप्रेक्ष्य (६) प्रतीक र बिम्ब (७) समय, गति र लय (८) भाषा : बुनोट र संरचनालाई आख्यान तत्त्वका रूपमा अगि सारेका छन् (२००५, पृ. २८) । यसबाट उपन्यास विश्लेषण गर्ने आधारहरूमा आंशिक भिन्नता देखा परे तापनि यहाँ भने कथानक, चरित्र र चरित्रचित्रण, परिवेश, सारवस्तु/विचारतत्त्व, दृष्टिविन्दु र भाषाशैली आदि तत्त्वलाई उपन्यास विश्लेषणको मुख्य आधार बनाई *आज रमिता छ* उपन्यासको विश्लेषण गरिएको छ ।

**कथानक**

आदि, मध्य र अन्त्यको कार्यकारण श्रृङ्खलाभित्र गुम्फित बनेर कौतूहल र द्वन्द्वको सम्मिश्रण गरिएको उपन्यासको एक महत्त्वपूर्ण तत्त्वलाई कथानक भनिन्छ। कथावस्तु मानव अस्थिपञ्जरजस्तै हो भने सुन्दर र आकर्षित शरीर कथानक हो । कथानकमा पात्रका क्रियाकलाप र द्वन्द्व अनिवार्य उपकरण मानिन्छन् किनभने कथानक भन्नु क्रियाकलाप र द्वन्द्वको अन्योन्याश्रित सम्बन्धबाट घटनाको कार्यकारण शृङ्खलाद्वारा निर्माण भएको कला अनुशासन हो (श्रेष्ठ, २०३९, पृ. ३०) । यसर्थ कार्यकारण सम्बन्धमा बाँधिएको बौद्धिकताको न्यूनता एवम् कौतूहल तथा उत्सुकताको अधिकता भएको र घटना, स्थिति, अवस्था वा प्रसङ्गको योजनाबद्ध विन्यास नै कथानक हो ।

*आज रमिता छ* उपन्यासमा दार्जिलिङको सामाजिक विषयवस्तुलाई कथानक बनाइएको छ । प्रस्तुत उपन्यासको कथानक १४५ पृष्ठमा समेटिएको छ भने यसलाई सुरुदेखि अन्तिमसम्म खण्ड विभाजन नगरी फरक प्रसङ्गअनुसारका ६२ वटा परिच्छेदहरूमा विन्यास गरिएको छ । दार्जिलिङको पहाडी परिवेशको यथार्थसँगै अघि बढेको यस उपन्यासमा जनकको पारिवारिक पृष्ठभूमि देखाउने क्रममा उसको बाबु मरेको, ऊ बैङ्कको कर्मचारी भएको तथा पछि गान्धीवादी बनेको र भारत स्वतन्त्र भएको प्रसङ्ग समेटिएको छ। यसमा जनकले दार्जिलिङ पढ्न गएकी सीतालाई प्रेम गरेर विवाह गरेको छ । त्यस्तै यसमा गान्धी पक्राउ परेको, मुसोलिनले ग्रिकमा हमला गरेको प्रसङ्गका साथै जनकले १७३ रुपियाँको जागिर छाडेर व्यापार गरेको, कालाबजारिया बनेर अकुत पैसा कमाएको, बाबुले किनेको कारलाई ट्रकमा बदलेको र उसको चारजनाको परिवार भाडामा बसेको जस्ता घटनाहरू देखाइएको छ । यसमा जनक र सीता नेपालबाट दार्जिलिङ फर्कदा मयूरलाई नेपाल फर्काएको र नोकर वीरमान बुढाथोकीले घर फर्कन बहाना बनाएको घटनालाई प्रस्तुत गरिएको छ । यसै गरी उपन्यासमा वीरमानलाई सीताले पैसा दिएर बिदा गरेको घटना प्रस्तुत गरिएको छ । विशाल 'जनक वस्त्र पसल दरोगा बजारमा खोलिएको छ । कसैले नलाएका नयाँ-नयाँ र बेग्लै डिजाइनका सुट र सारीहरू 'उचित' दाममा किन्नेहरूको त्यहाँ भीड लागेको छ" (पृ. १४) । यस भनाइबाट जनकले शमशेर तथा जयविलाससँग मिलेर कपडा पसल खोलेको प्रसङ्गको पुष्टि भएको छ। त्यस्तै

जनकले घर बनाउन खोजे पनि नसकेको तर कोठा सजाएको कथ्य समावेश छ।

प्रस्तुत उपन्यासामा एम.के. को अजोयसँगको सङ्गतको चर्चा गरिएको छ। यसमा एकातिर पान पसलेले केटी जिस्क्याएको प्रसङ्ग छ भने अर्कातिर फिल्मले केटी बिगारेकामा दुई युवकको चिन्ता र सीताको सुपारी खाने बानीको चर्चासँगै औपन्यासिक कथ्यले गति लिएको छ। सुकनाथ बाजेले पासाङको पसलमा लुकेर मम र जाँड खाई रमिता देखाएको र होलीको बिदामा घर आएको एम.के.ले अजोयसँग होली पर्व र भरियाको व्यवहार मन नपर्ने कुरा गरेको छ। साथै उसले नोकरी जाला भन्ने चिन्ताले पैसा नभए पनि रक्सी पिएर नित्सेको विपत्तिपूर्वक बाँच भन्ने शून्यवादी सिद्धान्तअनुसार बाँच्न खोजेको छ। यसमा एकातिर जनकका ससुराले घरमा संस्कारको ख्याल गरेर नातिनातिनीलाई असल बन्ने अर्ती दिएको कुरा सुनाएको छ भने अर्कातिर इशावेल घरमा आएकामा रवि खुसी भएको र पार्थिवले ठट्टा गरेको तथा भूदेवको कुरा काटिएको प्रसङ्ग समेटिएको छ। यसमा नामग्येल स्वास्थ्य उपचार गर्न पत्नी यमुनाका साथ दार्जिलिङ आएर जनकसँगै बसेको अवस्थामा उसकी पत्नीको व्यवहार भने उत्ताउलो देखिएको छ। यसमा एम.के. र बाबुनीबिच सामान्य झगडा परेको, जनक बेहोसी बन्दै गएको र आफूलाई मुद्दा लागेकाले आसामी रत्नमानसँग रिसाएको छ। बजारमा आन्दोलन चर्किंदै जाँदा भूदेव पक्राउ परेको छ। जनकले पक्राउ परेका केटाहरूलाई छुटाउने काम गरेको छ र आन्दोलनमा पार्टीको हात छैन् भनेर वक्तव्यसमेत निकालेको भए पनि भूदेवले भने छुट्न मानेको छैन।

प्रस्तुत उपन्यासमा जनकले यश कमाउन चाहेको छ र उसले आफ्नो स्मारक बनोस् भन्ने चाहेको छ। यस सम्बन्धमा उपन्यासकार लेख्दछन् दुईवटा मात्र छोराछोरीको 'बाबा' हुने; एउटा पुस्तक लेख्ने; एउटा आफ्नो बिल्डिङ बनाउने (पृ. १६)। यस भनाइबाट जनकले जीवनमा प्राप्त गर्न चाहेको उद्देश्यको पुष्टि भएको छ। यही अवस्थामा एकातिर एम.के. को जागिर खारेज भएको छ भने अर्कातिर उसकी छोरी पुष्पाको बिहे भएको छ। नचाहेरै बाबुनी दुई जिउकी भएपछि एम.के.निराश भएको छ। रविले इशावेलसँग सिचेल जाने योजना बनाएको छ तर जनक र यमुनाको गुप्तकार्य देखेपछि ऊ निराश भएर यात्रा रद्द गरी दिनभर भौतारिन पुगेको छ। यमुनाको छाडापनले सीमा नाघेको छ भने के.वी. नेपालबाट शिक्षक खोज्दै त्यहाँ पुगेको छ तर बाबुनीले कर गर्दा पनि एम.के.ले भने नेपाल जान मानेको पाइँदैन। बाबुनीले मागेर खाएको उसलाई चित्त बुझेको छैन र यही कुराले घरमा झगडा परेको छ। त्यस्तै जनकले एउटा उपन्यास लेख्न चाहेको छ र उसले जीवनको अर्थ रुखका पातसँग तुलना गरेको छ। एम.के. ले जन्मने बच्चालाई बचाउन चाहेको छ भने यमुनाले उसलाई पत्नी कुट्ने भनेर हप्काएको छ। उपन्यासमा रविले गुफामा चढाएको पैसा टिपेर माग्नेलाई दिएको छ र उसले आफू सीताको छोरो नभएको सम्झन पुगेको छ। यस उपन्यासमा एकातिर इशावेलकी आमाको निधन भएको छ भने अर्कातिर रवि भने फिल्म हेर्न गएको छ र अन्त्येष्टिमा गिर्जाघर गए पनि उसले आफूलाई एक्लो ठानेको छ। जनक भने निरुद्देश्य भौतारिएको छ र बढी पैसा तिरेर राति रक्सी खाएपछि उज्यालो हुने बेला मातेर घर पुग्ने गरेको छ। भूदेवले चुनाव लडेको देखाइएको छ भने जनकलाई पार्टीबाट निकालिएको छ। उसले यसको दोष भूदेवलाई दिएको छ र उनीहरूबिच सामान्य विवाद भएको छ। जनकले रविलाई घरमा ल्याएको दिन सम्झेको छ भने नामग्येल यमुनालाई छाडेर गान्तोक गएको छ। यस्तै यमुना तीन दिनपछि घर आएको र जनकले उसलाई गान्तोक पुऱ्याएको प्रसङ्ग छ। यस उपन्यासमा पार्थिवले एम.के.को निन्दा गरेकाले ऊ निराश भएर रक्सी पिएको र जनकले उसलाई काम मिलाइदिएको कथ्यलाई पनि समेटिएको छ। जनकले बेरोजगारीको विषय उठाएको, कान्ति रविकोमा आएको, कचहरीमा मजदुरको मुद्दाको फैसला सरेको विषय पनि उपन्यासमा आएको छ। एम.के. काममा नगई झुण्डिएर मरेको र उसको आत्महत्याको तरिका नमिलेको भनेर सबैले घृणा गरेको प्रसङ्गले पनि उपन्यासमा ठाउँ पाएको छ। जयविलासले जनकलाई मुद्दा हालेको छ भने सीताले उसलाई हप्काएको र यमुनाले जनकलाई चिठी लेखेको छ। वीरमानले भान्जी बिहे गरेको, बाबुनीले अस्पतालमा काम गरेको र प्रेमकृष्णले भूदेवलाई मजदुर भाँडेको आरोप लगाएको छ।

प्रस्तुत उपन्यासले शहरमा जुलुस अनियन्त्रित बनेपछि रवि घाइते भएको र अरू धेरै मरेको कथ्य समेटेको छ। भूदेव जनकलाई आन्दोलनमा होम्न चाहन्छ र जनकले अस्वीकार गरे पनि उसलाई कर्फ्यु उल्लङ्घन गर्न बाध्य पारिएको छ। त्यसैले दार्जिलिङको सेरोफेरोमा केन्द्रित रही तीनपुस्ते जीवनको केही अंश प्रस्तुत गरिएको यो एउटा चरित्रप्रधान सामाजिक उपन्यास हो (लुइटेल, २०६९, पृ.१७१)। यसबाट यो मनोविश्लेषणात्मक नभएर सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो भन्ने कुरा पुष्टि भएको छ।

*आज रमिता छ* उपन्यासको कथानक जटिल प्रकृतिको छ । कथानकको ढाँचा ठाउँठाउँमा व्यतिरेक भए पनि रैखिक प्रकारको छ । उपन्यासमा आएका पूर्वस्मृतिका घटनाहरूले कथ्यको विकासमा बाधा उत्पन्न गराएको पाइन्छ । हरेक पात्रका छुट्टाछुट्टै कथ्य भएकाले कथानकको आदि, मध्य र अन्त्यको नियम भङ्ग भएको छ । त्यसैले उपन्यास सकिँदा पनि कथावस्तु बाँकी नै छ भन्ने भान पर्दछ । कथानकलाई प्रासङ्गिक घटनाले खण्डित तुल्याएका छन् । जनकसम्बन्धी घटनालाई मात्र लिने हो भने जनकले कपडा पसल खोल्नु अघिसम्मको कथानक उपन्यासको आदि भाग हो भने उसले धारा १४४ तोड्न गएको घटना कथानकको चरमोत्कर्ष हो । यी दुई घटनाका बिचका घटनाहरूउपन्यासको मध्य भाग हो । यसमा हरेक सक्रिय पात्रका मौलिक कथा छन् । समाजका सबै घटनालाई समेट्ने क्रममा जीवनको खण्डित कथावस्तुलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । सबै प्रासङ्गिक कथानकलाई बिटो पारेर सबल र रोचक ढङ्गले विन्यास गरिएको छ । समाजमा घटेका वा घट्न सक्ने घटनाहरूलाई प्रासङ्गिक कथामा उनिएको छ । मुख्य तथा प्रासङ्गिक दुवै कथावस्तुमा सशक्त कौतूहल पाइन्छ । यसमा एउटा घटनालाई बिचैमा छाडेर अर्को घटना प्रस्तुत गर्दै पुनः त्यही घटनालाई जोडेर कौतूहल उत्पन्न गराइएको छ । हरेक पात्रसँग सम्बन्धित घटनाले लिने मोडका आधारमा पाठक जिज्ञासु बन्ने अवस्था छ र पात्रका क्रियाव्यापारमा रहेको द्वन्द्वबाट कथानक गतिशील बन्न पुगेको छ ।

दार्जिलिङको चोक बजारमा चलिरहेको जनक र सीताको जीवनलाई मूल कथा बनाएर रवि, भूदेव, एम.के., बाबुनी, नामग्येल, यमुना आदि पात्रहरूद्वारा मसिनो सूत्र खडा गरी मूल कथासँग जोडेर उपन्यासको कथानक निर्माण गरिएको छ । यसमा सङ्गतिहीन जीवनलाई सङ्गतिमा बाँध्ने प्रयासमा एउटा जीवनवृत्त तयार गरिएको छ र त्यस जीवनवृत्तलाई सामाजिक यथार्थभित्र समेट्ने प्रयासका साथसाथै अत्यन्त अविन्यस्त जीवनका रूपमा प्रस्तुत गर्ने कामसमेत भएको पाइन्छ । जनकका बाबुको सुनौलो सपना बोकेको जनकको स्कुले जीवनबाट उपन्यासको कथानक सुरु भएर जनक र नाति रविका जीवनका मूलभूत उपलब्धि प्रस्तुत गरिसकेपछि उपन्यास समाप्त भएको छ । आदि, मध्य र अन्त्यका क्रमसँगै अगि बढेको यस उपन्यासको मूल कथानक जनकसँग सम्बद्ध एउटै भए पनि अन्य विभिन्न उपकथाहरू यसमा जोडिएका छन् । समग्रमा हेर्दा यसको कथानक अत्यन्त शृङ्खलाहीन छ जसले विसङ्गत जीवनलाई सङ्केत गरेको छ र पात्रका क्रियाकलापमा देखिने द्वन्द्वबाट भने यसको कथानक थप शक्तिशाली बन्न पुगेको छ ।

### चरित्र र चरित्रचित्रण

उपन्यासमा देखिने मानवीय तथा मानवेतर सहभागीलाई चरित्र भनिन्छ । चरित्रलाई पात्र पनि भनिन्छ र उपन्यासमा चरित्रको भूमिका देखाउने ढङ्गलाई चरित्रचित्रण भनिन्छ । अर्को अर्थमा पात्रको संवाद तथा कार्यव्यापारलाई चरित्रचित्रण भनिन्छ । चरित्र आख्यानको प्रतिनिधि हो । आधुनिक उपन्यासमा कथावस्तुको भन्दा चरित्रको महत्ता सर्वोपरि मानिन्छ । उपन्यासले चरित्रचित्रणमार्फत व्यक्ति तथा बृहत् समाजको उद्घाटन गर्ने काम गर्दछ । काल्पनिक पात्रका माध्यमबाट उपन्यासमा जीवन र जगत्को यथार्थ चित्रण गरिने मात्र होइन, यसले कथानकलाई आवश्यक गति र उपयुक्त मार्ग निर्देशनसमेत गर्दछ । त्यसैले आधुनिक उपन्यास परम्परामा चरित्रप्रधान उपन्यासको महत्ता बढ्दो छ ।

*आज रमिता छ* उपन्यास इन्द्रबहादुर राईको बहुपात्रीय उपन्यास हो । यसमा आवश्यक तथा अनावश्यक थुप्रै पात्रको चित्रण गरिएको छ । समाजको यथार्थ चित्रण गर्ने उद्देश्यअनुरूप उपन्यासले समाजमा रहेका सबै खाले पात्रहरूलाई स्थान दिएको छ । यसमा समाज जीवनका माध्यमबाट व्यक्ति चित्रित नभई व्यक्ति जीवनका चित्रणबाट सामाजिक जीवन हेरिएको छ (प्रधान, २०७७, पृ.३२२) । यसले विसङ्गत समाजको यथार्थ चित्रण गर्ने लक्ष्यअनुसार नै विभिन्न चरित्रका पात्रको चित्रण गरिएको कुरा प्रस्ट पारेको छ । यसमा चित्रित पात्रको नाम र कार्यलाई हेर्दा प्रायः सबै पात्रहरू विसङ्गत छन् । तसर्थ उपन्यासमा व्यतिरेकी सिद्धान्तका आधारमा चरित्रचित्रण भएको पाइन्छ । यसमा जनक, सीता र भूदेव मुख्य पात्रका रूपमा रहेका छन् भने धर्मप्रसाद, एम.के., रवि, जयविलास, वीरमान, कृष्णलाल, नामग्येल, बाबुनी, यमुना आदि सहायक र अन्य थुप्रै पात्रहरू गौण पात्रका रूपमा रहेका छन् । प्रस्तुत उपन्यासमा समाजमा देखिने सत् र असत् दुवै प्रवृत्तिका पात्रको उपस्थिति रहेको छ तथा कथावस्तुभन्दा चरित्रचित्रण यथार्थ र सबल देखा पर्दछ । उपन्यासका हरेक घटना कुनै न कुनै पात्रको सेरोफेरोमा घुमेका छन् ।

उपन्यासमा आएका गौण चरित्रका पनि छुट्टै घटना घटित भएका छन् र सम्पूर्ण घटना एउटै चरित्रका वरिपरि सीमित नरही प्रत्येक नयाँ घटनामा नयाँ पात्रको उपस्थिति रहेको पाइन्छ। उपन्यासको कथानकलाई यिनै मुख्य, सहायक र गौण पात्रका क्रियाव्यापार एवम् द्वन्द्वले अगि मात्र बढाएको छैन, चरमोत्कर्षमा पनि पुऱ्याएको देखिन्छ।

प्रस्तुत उपन्यासमा चरित्रको क्षणिक उपस्थितिमा व्यापक परिधि उद्घाटित भएको छ। एउटा पात्रको प्रयोगमा समाजको एउटा संरचना, एउटा सङ्गठन र एउटा परम्परा प्रस्तुत भएको छ। यसै प्रस्तुतिका कारणले पात्रको सूक्ष्मताभित्र पनि व्यापक प्रभाव प्रवाहित भएको छ। प्रत्येक पात्रले एउटा एउटा व्यष्टिभित्र स्थापित एउटा एउटा समष्टि बोकेका छन्। यी पात्रहरू सूक्ष्मताभित्रै स्थूलता उमार्ने पात्र हुन। यिनबाट उपन्यासले जीवनको शाश्वततालाई एकाकी भोगमा उतारी रहेका छन्।

**परिवेश**

उपन्यासको देशकाल र वातावरण परिवेश शब्दद्वारा बोधित हुन्छ। यसैलाई उपन्यासको देशकाल, वातावरण वा पर्यावरण भनिन्छ। पर्यावरण शब्दले चरित्रका मानसिक प्रभावलाई समेत सङ्केत गर्दछ। तसर्थ उपन्यासका पात्र वा विषयका वरिपरिको परिवेश र स्थिति नै पर्यावरण हो। यसमा बाह्य संसार र आन्तरिक अथवा मानसिक अवस्थासमेत समेटिएको हुन्छ।

*आज रमिता छ* उपन्यास पूर्वी नेपालका धनकुटादेखि इलामसम्मका स्थानका साथै मुख्य रूपमा भारतको दार्जिलिङ र यस वरपरका क्षेत्रमा सीमित छ। यसमा दार्जिलिङका नेपाली मान्छेको माटोसँगको सम्बन्ध दार्जिलिङका सबै मान्छेको मानसिकतासमेत चित्रित भएको छ (प्रधान, २०४८, पृ. १९५)। यस उपन्यासले भारत अङ्ग्रेजको उपनिवेश रहँदादेखि स्वतन्त्र भएको लामो कालखण्डसम्मको समयलाई समेटेको छ। यसले धर्मप्रसादको जमिनदारीदेखि मध्यमवर्गीय र एम.के.जस्ता निम्नवर्गको आर्थिक परिवेशलाई समेटेको छ। निम्नवर्गको आर्थिक परिवेशलाई एम.के. को यस भनाइले यसरी पुष्टि गरेको छ यो जुनीमा त म 'मान्छे' हुनै पाइनँ। केटाकटी उमेरदेखि अलिकति बढेर रोकिनु पऱ्यो, कचल्टिएँ। जहिले पनि मलाई ५ रुपियाँ र १० रुपियाँकै खाँचो पऱ्यो; हजार-हजार रुपियाँ चाहिने हुन सकिनँ तर अर्को जुनीमा हामी पनि धनी हौँला (पृ. ६८)। यस भनाइबाट निम्नवर्गीय जीवनको आर्थिक परिवेशको सशक्त प्रस्तुति हुन गएको छ। यसमा सीताका आमा र स्वयम् सीताका माध्यमबाट नेपाली सांस्कृतिक परिवेशलाई प्रस्तुत गर्नुका साथै बाबुनी, सीता र वीरमानमार्फत नेपाली रूढिवादी जनश्रुतिका परम्परालाई समेत प्रस्तुत गरेको छ। त्यस्तै यसमा धर्मप्रसादजस्ता सामन्तहरूले प्रशासनको आडमा धिमाल बस्ती उजाड बनाएको, हिउँदमा लिम्बूहरू तराई झरेर रातभरि सालको फेदमा आगो तापेर रात काटेको परिवेश देखाइएको छ। वीरमानको बाबुको वर्णन गर्ने क्रममा बहुपत्नी प्रथाको चित्रण भएको छ भने जनकको बाबु मर्दा गरिएको घेवाबाट तामाङ संस्कार र परम्परा, इशावेलकी आमा मर्दा क्रिश्चियन संस्कार, एम.के.कै छोरी पुष्पाको बिहेमार्फत पुरानो विवाह र नयाँ विवाहसम्बन्धी परिवर्तित परम्परा र संस्कारगत परिवेश चित्रण भएको छ। उपन्यासमा राजनीतिक परिवेशका रूपमा दार्जिलिङको पार्टीगत परिवेशका साथै तत्कालीन समयमा भएका भ्रष्टाचार, घुसखोरी र त्यसका विरुद्ध भएको हडताल र जुलुस आदिको परिवेश चित्रित छ। यस सम्बन्धमा उपन्यासकार लेख्दछन् फारस अफिस पनि काटेर गएपछि जुलुसको शिर ठीक कचहरीमाथि पुगेको थियो... (पृ. १३८)। यस भनाइबाट दार्जिलिङको राजनीतिक परिवेको पुष्टि भएको छ।

प्रस्तुत उपन्यासको परिवेशका रूपमा प्रकृतिको चित्रण प्रभावकारी रूपमा अभिव्यक्त भएको छ। यो उपन्यास दार्जिलिङ वरपरको प्राकृतिक वातावरणबाट सुरु भएर लिंगडी बजार, लेवोङको गोलटार, कार्टरोडले ओगटेको भिर, पहरा, घुमाउरो डाँडा र असार साउनको कुहिरो, झरी, बतास जस्ता प्रकृतिक परिवेशको सुन्दर चित्रणसम्म पुगेर समापन भएको छ। यस्तै बतासे डाँडो, पहरा, खारसाङमुनिको घुम्ती सडक, घुम पहाड, बाघझोडा, स्टेसन छेउका चिया दोकान, नगरपालिका, सडकमा गुड्ने सवारी साधन आदि पनि औपन्यासिक परिवेशका रूपमा आएका छन्। उपन्यासमा सिनेमा हल, विद्यालय, गिर्जाघर, पसल, क्लब आदिलाई परिवेशका रूपमा चित्रण गरिएको छ। अव्यवस्थित जीवनको यथार्थ प्रस्तुति गर्ने क्रममा एकातिर उपन्यासमा आजको ह्रासोन्मुख मानवीय मूल्य र मान्यतालाई प्रभावकारी रूपमा देखाएको छ भने अर्कातिर यसमा गरिएको तत्कालीन परिवेशको जीवन्त प्रस्तुतिबाट उपन्यासले विश्वसनीयता प्राप्त गरेको छ।

**सारवस्तु/विचारतत्त्व**

आख्यानकारले कृतिमा निष्कर्षका रूपमा जे दिन खोजेको छ, त्यसैलाई सारवस्तु भनिन्छ । सारवस्तु एउटै शब्दमा अभिव्यक्त भएको हुँदैन । यो उपन्यासभरि अन्तर्घुलित भएको हुन्छ । केही समीक्षकले उपन्यासको विचारतत्त्व प्रमुख भएका उपन्यासका आधारमा यसलाई विचारतत्त्व भनेका छन् भने केहीले उद्देश्य भनेका छन् । केहीले विचार र केहीले सारतत्त्व भनेको पनि पाइन्छ । कथाकार वा उपन्यासकारले कृतिबाट पाठकलाई मुख्य रूपमा जे कुरा प्रदान गर्न चाहन्छ, त्यही कुरालाई सारतत्त्व भनिन्छ । सारतत्त्व भनेको आख्यानकारको आख्यानभित्र अन्तर्निहित अभिप्रायलाई वहन गर्ने आधार विचार हो । यो मानवीय मूल्य तथा अस्तित्वका कुनै न कुनै पक्षलाई कलात्मक ढङ्गमा प्रस्तुत गर्ने कुरासित सम्बद्ध हुन्छ (श्रेष्ठ, २०३९, पृ. ९४) । सारवस्तुले जीवन र व्यवहारप्रतिको ठम्याइ पात्र र कार्यद्वारा प्रस्तुत गर्दछ (बराल, २०४८, पृ. ३८) । यसरी पात्रले आफ्नो व्यवहारबाट पाठकलाई दिने सन्देशको प्रस्तुतिलाई सारवस्तु भनेर चिनिन्छ ।

*आज रमिता छ* उपन्यासमा उपन्यासकारले उपन्यास लेखनको उद्देश्यबारे लेखेको कुरामा सारवस्तु प्रस्तुत भएको छ । मैले देखेँ जीवन चलिरहेछ तर सुव्यवस्थित भई ठिक्क-ठिक्क मिलेर चलेको छैन । यो उपन्यासलाई मैले त्यसरी नै नमिलाएको छु भन्ने उपन्यासकार इन्द्रबहादुर राईको आत्मस्वीकृति रहेको छ । यस भनाइबाट पनि जीवनलाई यथार्थ अर्थात् सम्पूर्ण रूपमा देखाउनु नै प्रस्तुत उपन्यासको सारवस्तु भएको कुरा पुष्टि हुन्छ । यस्तै जीवनका विसङ्गत पक्षलाई जोड दिने क्रममा एउटा व्यक्तिका जीवनमा जेजस्ता घटना घट्छन्, त्यसलाई देखाउनु, जीवनलाई हरेक कोणबाट हेर्नु र व्यक्तिले जीवनमा भोग्नुपर्ने विवशता, बाध्यता र अर्थहीनतालाई प्रस्तुत गर्नु तथा व्यक्तिले चाहेर पनि केही गर्न सक्तैन र जीवन निरर्थक छ भन्ने विसङ्गतिवादी सिद्धान्त प्रस्तुत गर्नु यस उपन्यासको सारवस्तु हो ।

**दृष्टिविन्दु**

कुनै आख्यान कसको कथा हो र त्यस कथालाई भन्ने समाख्याता को हो भन्ने कुरा नै दृष्टिविन्दु हो । यसले कृतिलाई पाठकसमक्ष उपस्थित गर्ने तरिका वा उपस्थापनाको पद्धतिलाई बुझाउँछ । कृतिलाई ठोस आकृति वा संरचनागत पूर्णता प्रदान गर्ने तथा कृतिको वस्तुलाई सम्प्रेषणीय र संवेदनशील तुल्याउन यसको अहम् भूमिका हुन्छ । लेखकका आफ्ना धारणाहरू पाठकसमक्ष पुऱ्याउने परिस्थिति अवस्था एवम् तरिका दृष्टिविन्दु भएकाले यसले रचनाकार तथा पाठकका बिचमा सम्बन्ध स्थापित गर्ने सेतुको काम गर्दछ । दृष्टिविन्दु मुख्यतया दुई प्रकारको हुन्छ- (क) आन्तरिक र (ख) बाह्य दृष्टिविन्दु । प्रथम पुरुषको लेखन आन्तरिक दृष्टिविन्दुअन्तर्गत पर्दछ भने तृतीय पुरुषको लेखन बाह्य दृष्टिविन्दु मानिन्छ ।

*आज रमिता छ* उपन्यासमा बाह्य दृष्टिविन्दुको उपयोग गरिएको छ । यसमा उपन्यासकार घटित घटनालाई आफू प्रत्यक्षदर्शी भएर ऊ वा त्यो अर्थात् पात्रकै नामबाट सम्बोधित गरी घटनाको वर्णन गर्दछन् । उपन्यासको प्रमुख तथा केन्द्रीय पात्र जनकमान मोक्तान हो । उसैको सेरोफेरोमा घटेका हरेक घटनाको सर्वज्ञाता लेखक स्वयम् रहेका छन् । उपन्यासमा सबै पात्रले घटाएका हरेक घटनालाई उपन्यासकारले आफू वस्तु निरपेक्ष रहेर नाटकीय रूपमा घटनाको वर्णन गरेका छन् । यसमा हरेक पात्रका विचार, चिन्तन, मानसिक संवेग आदि कुरा खुलस्त रूपमा वर्णन गरिएको छ । उपन्यासकारले आफ्नो दर्शन आफैँ वर्णन नगरी जनक, भूदेव, एम.के.आदि पात्रका प्रत्यक्ष कथनका रूपमा प्रस्तुत गरेका छन् । यति मात्र होइन, उपन्यासकार राईले सबै पात्रका क्रियाकलाप, भावना, चिन्तन, दर्शन सबै बुझेर वस्तुगत रूपमा नाटकीय शैलीमा अन्य पुरुष दृष्टिवन्दुमा समग्र उपन्यासलाई प्रस्तुत गरेका छन् ।

*आज रमिता छ* उपन्यास चेतनप्रवाह शैलीमा लेखिएको छ । प्रस्तुत उपन्यासका पात्रहरूका आपसी संवादबाट उपन्यासले नाटकीयता प्राप्त गरेको देखिन्छ । उपन्यासकार ठाउँठाउँमा प्रत्यक्षकथन शैलीमा आफैँ वक्ता भएर प्रस्तुत भएका छन् । त्यसैले आफ्नो जीवनमा देखेका र भोगेका घटनालाई उपन्यासमा समेटेको छु भन्ने राई स्वयम् उपन्यासका दृष्टिविन्दु हुन् ।

**भाषाशैली**

भाषा र शैली दुई शब्दको समस्त रूप नै भाषाशैली हो । भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो र भाषाका यही गुणले वाङ्मय र अन्य कलालाई छुट्याउँछ । भाषाले उपन्यासका सबै तत्त्वहरूलाई सङ्गठित गर्दछ ।

शैली भाषाका माध्यमले गरिने अभिव्यक्तिको निजी तयारी हो । यसर्थ रचनाकारको विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ । उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । उपन्यास यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्यभाषाको प्रयोग गरिन्छ (बराल र एटम, २०५८, पृ. ४२) । यसमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकताअनुरूप हुने गर्दछ । साहित्यिक भाषामा सामन्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्यचेतना भाषिक कलाका आधारमा खडा भएको हुन्छ । उपन्यासमा भाषाको प्रयोग मूलतः दुई किसिमबाट भएको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैँले प्रयोग गरेको हुन्छ । यस्तो भाषा अपेक्षाकृत नियमबद्ध र लेखकीय स्तरअनुरूप हुन्छ भने दोस्रो किसिमको भाषा उपन्यासका पात्रहरूको संवादमा प्रयोग गरिन्छ । संवाद पात्रहरूको स्तर र परिवेश अनुकूल हुनुपर्ने भएकाले यसमा प्रशस्त विविधता पाइन्छ ।

प्रस्तुत उपन्यासको भाषाशैलीय विन्यास काव्यात्मक र विचलनयुक्त हुनाका साथै ठाउँठाउँमा त्रुटिपूर्ण पनि रहेको छ । यसमा तीन प्रकारका भाषाका प्रयोक्ता छन् । मानक नेपाली भाषाका वक्ता पहिलो वर्गमा पर्दछन् भने नेपाली भाषाको दार्जिलिङे भाषिका प्रयोग गर्ने पात्र अर्को वर्गमा पर्दछन् । यसमा धर्मप्रसाद, सीता, वीरमान र खड्गप्रसादजस्ता पात्रले मानक नेपाली भाषाको प्रयोग गरेका छन् । जनक, भूदेव, एम.के., रवि, पार्थिव आदि पात्रले दार्जिलिङे भाषिकाको प्रयोग गरेका छन् भने अजोय, जयविलासजस्ता पात्रहरू नेपालीइतर भाषीका रूपमा रहेका छन् । दार्जिलिङको प्रशासनमा घुस दिने र घुस खाने प्रसङ्ग जोड्दै अजोय भन्छ मान्छेहरू त्यै राकोमको हुन्छ । तेसई पैसा दिइहाल्छ । अब त आदत पोडेर पैसा नापायो भने मनमा खोराब लाग्छ, मन दुख्छ (पृ. १८) यसबाट नेपालीइतर भाषाको पुष्टि भएको छ । यस्तै उपन्यासमा एकातिर ठाउँठाउँमा व्याकरणगत विचलन र पात्रअनुकूलको कथ्य भाषाको प्रयोग ज्यादै भएको छ भने अर्कातिर अङ्ग्रेजी भाषाका वाक्यको प्रयोग भेटिन्छ । त्यस्तै यसमा तत्सम शब्दको प्रयोगले उपन्यास दुर्बोध्यसमेत बन्न पुगेको छ ।

*आज रमिता छ* उपन्यासमा भाषिक र साहित्यिक शैलीको नवीन प्रयोग पाइन्छ । भाषिक शैलीका कोणबाट हेर्दा उपन्यासमा वर्णनात्मक र नाटकीय दुवै शैलीको उपयोग गरेर लेखिएको छ । यसमा उपन्यासकारले आफू तटस्थ रही पात्रपात्र बिचका संवादबाटै सबै कुरा प्रस्तुत गरेका छन् जसले उपन्यासलाई नाटकीय शैलीको बनाएको छ । विविधतायुक्त भाषिक विन्यास र वर्णनात्मक एवम् संवादात्मक शैलीमा मानवीय दुर्बलता केलाउने काम यसमा गरिएको छ । यसरी प्रस्तुत उपन्यास भाषाको प्रयोगस्थल भएको छ र यसले उपन्यासमा चित्रित जीवनलाई सम्पूर्णतामा प्रस्तुत गर्न सक्ने सामर्थ्य दिएको छ ।

## निष्कर्ष

प्रस्तुत उपन्यासमा कथ्य र शैली दुवै स्तरमा विसङ्गतिलाई अभिव्यक्ति दिइएको छ । व्यष्टि चरित्रको अत्यन्त सूक्ष्म अध्ययनमा समाजको स्वरूप देख्ने राईले जीवनका बाटामा भेटिने यथार्थमा आधारित पात्रहरू समावेश गरी यो उपन्यास लेखेका छन् । जीवनलाई पानीमा बग्ने हरियो पातका रूपमा हेरेर दार्जिलिङको पर्यावरण र समाजको अतिसूक्ष्म विश्लेषणका रूपमा *आज रमिता छ* उपन्यास देखा परेको छ । यसमा दार्जिलिङको चोक बजारमा रहेका जनक र सीताको जीवनलाई मूल कथा बनाइएको छ र रवि, भूदेव, एम.के., बाबुनी, नामग्येल, यमुना आदि पात्रहरूको मसिनो सूत्र खडा गरेर मूल कथासँग जोडिएको छ । त्यसैले प्रस्तुत उपन्यास शुद्ध वैयक्तिक नभएर सामाजिक जीवनको यथार्थ चित्र भएर देखापरेको छ । यसले समाजका माध्यमबाट व्यक्तिको चित्रण नगरेर व्यक्तिका माध्यमबाट समाजको चित्रण गरेको छ ।

प्रस्तुत उपन्यासभित्र इन्द्रबहादुर राई सामाजिकता अङ्कन गर्ने क्रममा विसङ्गतिवादी चिन्तकका रूपमा देखा परेका छन् । उपन्यासकारले प्रस्तुत उपन्यासमा जीवनका निस्सारता, अर्थहीनता, बेमेलता र सङ्गतिहीनता जस्ता पक्षको अभिव्यक्ति दिएका छन् । सङ्गतिहीन जीवनलाई सङ्गतिमा बाँध्ने प्रयासमा यसको कथानक तयार भएको छ । त्यस कथानकलाई सर्वप्रथम सामाजिक यथार्थभित्र समेट्ने प्रयास भएको छ र त्यसैलाई अत्यन्त अविन्यस्त जीवनका रूपमा यसमा प्रस्तुत गरिएको छ । उपन्यासमा वर्णित घटनाका व्यतिरेकमा यसको नामाकरण गरिएको छ । उपन्यासका सबै पात्रहरू असन्तोष, निराशा, चिन्ता आदिबाट ग्रसित हुनुका साथै हरेक पात्रका आ-आफ्नै कथा छन् र ती एकअर्कामा अन्तर्सम्बन्धित भएर आएका देखिँदैनन् । त्यस्तै यसको कथानक सुरुदेखि अन्तिमसम्म खण्ड विभाजन नगरी फरक फरक प्रसङ्गअनुसारका ६२ वटा परिच्छेदमा प्रस्तुत गरिएको छ ।

छिरोलिएका घटनाहरूलाई जनकका जीवनमा घटेका घटनाहरूले केही हदसम्म जोड्ने काम गरेका भए पनि कथा मालाहरूको सङ्ग्रह जस्तो देखिने कथानक यसमा पाइन्छ । यस उपन्यासको कथानक जीवनमा घट्ने व्यावहारिक घटना जस्तै विश्रृङ्खलित रूपमा अगि बढेको छ । उपन्यासमा एउटा घटना विकास हुँदा नहुँदै बिचैमा अवरोध पुऱ्याएर अर्को घटना लिएर अर्को पात्र देखा पर्दछ र उपन्यासका हरेक घटनामा नयाँ चरित्र देखा पर्दछ । यसरी उपन्यासको कथानक, चरित्र, परिवेश, शीर्षक, भाषाशैली कुनैमा पनि सङ्गति र सम्बद्धता मिलेको पाइँदैन । यति मात्र होइन, उपन्यासमा पात्रको कार्यव्यापार र संवादमा पनि सङ्गतिहीनता देखा पर्दछ ।

प्रस्तुत उपन्यासलाई विधातत्त्वका मानदण्डबाट विश्लेश्लेषण गर्दा र त्यस मान्यताका कसीमा हेर्दा यसमा प्रशस्त विचलन देखा परे तापनि जीवनका यथार्थ र विसङ्गत पक्षको नवीन भाषाशैलीका माध्यमबाट कलात्मक प्रस्तुति गरिएको छ । यसमा नेपाल र नेपाल बाहिरका नेपालीहरूको जीवनलाई अर्थ दिनुका साथै यसका माध्यमबाट विसङ्गत मानव जीवनको समेत अर्थ उद्‌बोधन गर्न खोजिएको छ । तसर्थ प्रस्तुत उपन्यास आधुनिक नेपाली आख्यानका क्षेत्रमा एउटा विशिष्ट कलात्मक कृति बन्न पुगेको छ ।

**सन्दर्भ सामग्रीसूची**

नेपाल, घनश्याम (२००५), *आख्यानका कुरा,* सिलगढी : एकता बुक हाउस प्रा. लि. ।

प्रधान, कृष्णचन्द्रसिंह (२०७७), *नेपाली उपन्यास र उपन्यासकार* (छैटौँ संस्क.), ललितपुर : साझा प्रकाशन ।

प्रधान, राजनारायण (२०४८), *केही कृति केही स्मृति,* काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०४८), *नेपाली उपन्यासका मूल प्रवृत्ति,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८) *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* (दोस्रो संस्क.) ललितपुरः साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (२०८०), *आज रमिता छ,* (नवौँ संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

राय, गोपाल (सन् २०२०), *उपन्यासकी संरचना* (तीसरा संस्क.), नई दिल्ली : राजकमल प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (सम्पा. २०३९), *पच्चीस वर्षका नेपाली कथा,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* वाराणसी : भूमिका प्रकाशन ।